नेपाल सरकार
# शिक्षा तथा खेलकुद मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०८३/०६/०७
नेपाल संवत् ११४६

श्री शिक्षा विकास तथा समन्वय एकाइ (सबै),

विषयः- समन्वय तथा सहजीकरण गर्नुहुन।

प्रस्तुत विषयमा यही २०८३ असोज ९, १० र ११ गते नेपालका विभिन्न स्थानमा भारी वर्षादेखि अति भारी वर्षा, उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात तथा हावाहुरी र चट्याङ पर्ने सम्भावना रहेको जानकारी जल तथा मौसम विज्ञान विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र सम्बन्धित क्षेत्रका विज्ञहरूबाट पूर्वानुमान भएको छ। यसबाट बाढी, पहिरो, डुवान, नदी कटान, हिमपहिरो, सडक अवरोध तथा विद्युत र सञ्चार सेवामा अवरोध हुने जोखिम रहन्छ । तसर्थ यस अवधिलाई त्रासभन्दा पनि पूर्वतयारीसहित सावधानीमा उपयोग गर्नु बुद्धिपूर्ण रहने हुनाले सबै शिक्षण संस्था, स्थानीय तह, शिक्षक, विद्यार्थी, अभिभावक तथा सरोकारवालाहरूमा देहायअनुसार गर्नका लागि आवश्यक समन्वय र सहजीकरण गर्नुहुन अनुरोध छ।

१. सबै विद्यार्थी एवम् बालबालिका, शिक्षक तथा कर्मचारी सुरक्षित रहने गरी असोज ८ र ९ गते स्थानीय तहसँगको समन्वयमा आवश्यकतानुसार विद्यालय विदा गर्नु गराउनुहुन।
२. सबै विश्वविद्यालय र परीक्षा सञ्चालन गर्ने निकायले असोज ९ गतेदेखि ११ गतेसम्म तोकिएका परीक्षा आवश्कतानुसार स्थगित गर्नुहुन।
३. सुरक्षित विद्यालय भवनलाई अस्थायी आश्रयस्थलका रूपमा प्रयोग गर्नु पर्ने अवस्थामा स्थानीय तहलाई सहजीकरण गर्नुहुन।
४. अभिभावकहरूले बालबालिकालाई नदी, खोला, पोखरी तथा पहिरोको जोखिम भएका स्थानमा जान नदिनुहुन।

श्रीप्रसाद भट्टराई
सहसचिव

बोधार्थः
श्री शिक्षा विभाग, सानोठिमी : कार्यान्वयनमा सहयोग एवम् अनुगमन हुन।
श्री स्थानीय तह (सबै): जानकारी एवम् कार्यान्वयनमा सहयोग हुन।

फोन नं.:
वेबसाइट : www.moest.gov.np